# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री जितेन्द्रलाल मास्के हिन्दूकुश हिमालयमा जलाधार व्यवस्थापन विषयको अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठीमा भागलिन चीनको सिन्चुवान प्रान्तको चेन्दुतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री बोधनाथ अधिकारीलाई मिति २०४२।६।२४ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

राधारमण उपाध्याय

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।५।३ को निर्णयानुसार श्री गोपालप्रसाद उपाध्याय काफ्लेलाई नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा १ (एक) वर्षको परीक्षणकालमा रहने गरी स्थायी नियुक्ति गरी राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग, खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयको पद संकेत नं.व.रा.व.सं. वि. ०७।१८ को सहायक वन्य जन्तु संरक्षण अधिकृत पदमा पदस्थापन गरेको छ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।६।७ को निर्णयानुसार श्री वेदप्रसाद श्रेष्ठलाई नेपाल वन सेवा, स्वायल एण्ड वाटर कञ्जरभेशन समूह, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा नियुक्त गरी भू तथा जलाधार संरक्षण विभागको पद संकेत नं. व.भू.ज.वि. ०७।१ को सहायक स्वायल कञ्जरभेशन अधिकृत पदमा पदस्थापन गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

399